नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
(प्रशासकीय पुनरावलोकन शाखा)

४१५८०२
फोन नं. ४१५८०३
४१९७१९
फ्याक्स नं. ४११७८८
E-mail: hq@ird.gov.np
Web:http://www.ird.gov.np
लाजिम्पाट, काठमाण्डौ

मिति २०७७।०४।०८

श्री ठूला करदाता कार्यालय,
श्री मध्यस्तरीय करदाता कार्यालय,
श्री आन्तरिक राजस्व कार्यालय, सबै
श्री करदाता सेवा कार्यालय, सबै

**विषयः आर्थिक ऐन, २०७७ को दफा २४ अनुसार मुद्दा फिर्ता लिई शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हा लिन सकिने सम्बन्धमा ।**

उपर्युक्त विषयमा आर्थिक ऐन, २०७७ को दफा २४ अनुसार शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हा सम्बन्धी विशेष व्यवस्था कार्यान्वयन गर्नको लागि देहाय बमोजिम गर्ने गराउने गरी मिति २०७७।०३।२८ मा निर्णय भएकोले करदाताले मुद्दा फिर्ता लिन पेश गर्नुपर्ने निवेदन र कार्यालयले विभागमा पठाउनु पर्ने प्रगति विवरणको ढाँचा समेत यसै साथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

<u>तपसिल</u>

१. आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम सम्वत् २०७५ साल असार मसान्तभित्र कर निर्धारण वा अन्तःशुल्क निर्धारण भएको हुनुपर्नेछ ।
२. झुट्टा तथा नक्कली बीजक सम्बन्धमा कर निर्धारण भएकोमा त्यस्तो मुद्दाको हकमा यो सुविधा लिन पाईने छैन ।
३. कर निर्धारण वा अन्तःशुल्क निर्धारण उपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई विचाराधिन रहेका वा विभागको निर्णयमा चित्त नबुझाई राजस्व न्यायाधिकरण वा अदातलमा पुनरावेदन गई विचाराधिन रहेका मुद्दा फिर्ता लिन सकिने छ ।
४. मुद्दा फिर्ता लिन, कर निर्धारणबाट कायम भएको कर रकम र सोमा लागेको व्याज दाखिला गर्न र शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हाका लागि निवेदन दिने व्यक्तिले आधिकारिक व्यक्ति वा प्रतिनिधि भएको परिचय खुल्ने कागजात पेश गर्नुपर्ने छ ।
५. आन्तरिक राजस्व विभागमा विचाराधिन रहेको निवेदन (मुद्दा) फिर्ता लिन विभागमा अनुसूची १ बमोजिमको ढाँचामा र आन्तरिक राजस्व कार्यालय मार्फत फिर्ता लिन अनुसूची २ बमोजिमको

ढाँचामा निवेदन दिन सकिनेछ । कार्यालय मार्फत मुद्दा फिर्ता लिन निवेदन दिने निवेदकको सक्कल निवेदन विभागमा पठाउनु पर्नेछ ।

६. राजस्व न्यायाधिकरण र अदालतमा विचाराधिन रहेको मुद्दाको हकमा सोही निकायमा मुद्दा फिर्ता लिन निवेदन दिन सकिनेछ ।

७. आन्तरिक राजस्व विभागबाट मुद्दा फिर्ता भएको निर्णय सहितको सक्कल फाईल सम्वन्धित कार्यालयमा पठाईनेछ ।

८. मुद्दा फिर्ता भएपछि करदाताले कर निर्धारणबाट कायम भएको कर र सो मा लागेको व्याज (दाखिला गरेको मिति सम्मको व्याज गणना गरी) बुझाई शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हाको लागि सम्वन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ ।

९. शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हाको लागि निवेदन दिएपछि कार्यालयबाट देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) Appeal Close गर्नु अगाडिको ATR Print गरी राख्ने,

(ख) Appeal Close गर्ने । (कारणमा आर्थिक ऐन, २०७७ को दफा २४ उल्लेख गर्ने )

(ग) Final MA गर्नेः Final MA गर्दा जुन अवधिको कर निर्धारण भएको हो सोही अवधि उल्लेख गर्ने ।

(घ) कर निर्धारण मितिः Appeal Close भएको मिति राख्ने ।

(ङ ) व्याज गणना मितिः करदाताले कर दाखिला गर्ने दिनको मिति राख्ने ।

(च) कर र व्याज दाखिला भए र नभएको यकिन गरी बाँकी शुल्क, MP लाई Rebate दिन कार्यालय प्रमुखबाट निर्णय गर्ने ।

(छ) Payment Hold भए Release गर्ने ।

(ज) रिवेट प्रविष्टि गर्ने, सो को लगत र रेकर्ड तयार गरी प्रगति विवरण विभागमा पठाउनु पर्नेछ ।

१०. मुद्दा फिर्ता लिन विभागमा दिने निवेदनको ढाँचा (अनुसूची १)

११. कार्यालय मार्फत मुद्दा फिर्ता लिनको लागि दिने निवेदनको ढाँचा (अनुसूची २)

१२. शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हा पाउनको लागि कार्यालयमा दिने निवेदनको (अनुसूची ३)

१३. कर दाखिला र मिन्हा सम्बन्धी कार्यालयले गर्ने रिपोटिङ ढाँचा (अनुसूची ४)

**(वसन्त राज तिवारी)**
**शाखा अधिकृत**

## अनुसूची १

श्रीमान् महानिर्देशकज्यू
श्री आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं ।

**विषयः प्रशासकीय पुनरावलोकनको निवेदन फिर्ता लिने सम्बन्धमा ।**

उपरोक्त विषयमा म निवेदक ........................................ (स्थायी लेखा नम्वर ........................) को आर्थिक वर्ष ..............................को आयकर / मूल्य अभिवृद्धि कर / अन्तःशुल्क तर्फ मिति...............मा .........................कार्यालयबाट भएको कर निर्धारण आदेश उपर चित्त नबुझाई आन्तरिक राजस्व विभागमा दर्ता नम्वर.............. मिति................... मा प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गरी हाल विचाराधिन रहेको छ । आर्थिक ऐन, २०७७ को दफा २४ बमोजिम आयकर / मूल्य अभिवृद्धि कर / अन्तःशुल्क तर्फ निर्धारणबाट कायम भएको कर र सोमा लागेको व्याज दाखिला गर्न मन्जुर गरी निवेदन जिकिर दावी छाडी प्रशासकीय पुनरावलोकनको निवेदन फिर्ता लिनको लागि यो निवेदन पेश गरेको छु । झुट्टा तथा नक्कली बीजक सम्बन्धमा कर निर्धारण भएको छैन । व्यहोरा साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदकः**
फर्म / निकायको नामः
निवेदक / प्रतिनिधिको नामः
ठेगानाः
स्थायी लेखा नम्वर
दस्तखतः

इति सम्वत् २०७७ साल ................महिना ......गते रोज.......शुभम्

## अनुसूची २

श्रीमान् महानिर्देशकज्यू
श्री आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं ।

मार्फतः श्रीमान् प्रमुख कर प्रशासकज्यू / प्रमुख कर अधिकृतज्यू
श्री ..................................कार्यालय,..............

**विषयः प्रशासकीय पुनरावलोकनको निवेदन फिर्ता लिने सम्बन्धमा ।**

उपरोक्त विषयमा म निवेदक ....................................... (स्थायी लेखा नम्वर .......................) को आर्थिक वर्ष ............................को आयकर / मूल्य अभिवृद्धि कर / अन्तःशुल्क तर्फ मिति...................मा ........................कार्यालयबाट भएको कर निर्धारण आदेश उपर चित्त नबुझाई आन्तरिक राजस्व विभागमा दर्ता नम्वर............. मिति.................. मा प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गरी हाल विचाराधिन रहेको छ । आर्थिक ऐन, २०७७ को दफा २४ बमोजिम आयकर / मूल्य अभिवृद्धि कर / अन्तःशुल्क तर्फ निर्धारणबाट कायम भएको कर र सोमा लागेको व्याज दाखिला गर्न मन्जुर गरी निवदेदन जिकिर दावी छाडी प्रशासकीय पुनरावलोकनको निवेदन फिर्ता लिनको लागि आन्तरिक राजस्व कार्यालय,................ ...... ....... ...... मार्फत आन्तरिक राजस्व विभाग समक्ष यो निवेदन पेश गरेको छु । झुट्टा तथा नक्कली बीजक सम्बन्धमा कर निर्धारण भएको छैन । व्यहोरा साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदकः**
फर्म / निकायको नामः
निवेदक / प्रतिनिधिको नामः
ठेगानाः
स्थायी लेखा नम्वर
दस्तखतः

इति सम्बत् २०७७ साल ................महिना ......गते रोज.......शुभम्

# अनुसूची ३

मिति ................

श्रीमान् प्रमुख कर प्रशासकज्यू  / प्रमुख कर अधिकृतज्यू
....................................कार्यालय,

## विषयः  शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हा गरी पाउँ ।

उपरोक्त विषयमा म निवेदक करदाता ......................................(स्थायी लेखा नम्वर ....................) ले आन्तरिक राजस्व विभाग, राजस्व न्यायाधिकरण, काठमाडौं / विराटनगर / पोखरा / नेपालगञ्जमा ....................   अदातलमा विचाराधिन भएको आर्थिक वर्ष ........   .....को आयकर / मूल्य अभिवृद्धि कर / अन्तःशुल्कतर्फको (निवेदन र पुनरावेदन) मुद्दा फिर्ता लिई मिति..........................मा कर निर्धारणबाट कायम भएको कर र सो मा लागेको व्याज रकम देहाय बमोजिम दाखिला गरी आर्थिक ऐन, २०७७ को दफा २४ बमोजिम सो कर निर्धारणबाट लागेको शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हा गरी पाउँ भनी देहायका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । झुट्टा तथा नक्कली बीजक सम्बन्धमा कर निर्धारण भएको छैन । व्यहोरा साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१. निवेदन र पुनरावेदनको मुद्दा फिर्ता भएको प्रमाण ।

२. निर्धारणबाट कायम भएको कर र सो मा लागेको व्याज दाखिला गरेको प्रमाण ।

तपसिल

| सि.नं. | आर्थिक वर्ष | मुद्दाको किसिम | लागेको कर | व्याज | शुल्क | थप दस्तुर | जरिवाना | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | | आयकर | | | | | | |
| | | मूल्य अभिवृद्धि कर | | | | | | |
| | | अन्तःशुल्क | | | | | | |
| २. | निर्धारणबाट कायम भएको कर रकम र सोमा लागेको दाखिला मिति ......... सम्मको बुझाउनुपर्ने व्याज | | | | | | | |
| ३. | मिन्हा भएको शुल्क, थप दस्तुर तथा जरिवाना | | | | | | | |

**निवेदकः**
नामः
ठेगानाः
दस्तखतः
सम्पर्क नम्वरः

# अनुसूची ४

करदाताको नामः                                                    स्थायी लेखा नम्वरः

| सि.नं. | आर्थिक वर्ष | मुद्दाको किसिम | लागेको कर | व्याज | शुल्क | थप दस्तुर | जरिवाना | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | | आयकर | | | | | | |
| | | मूल्य अभिवृद्धिकर | | | | | | |
| | | अन्तःशुल्क | | | | | | |
| २. | निर्धारणबाट कायम भएको कर र सोमा लागेको व्याज (दाखिला मिति ……… सम्मको बुझाउनुपर्ने व्याज) | | | | | | | |
| ३. | मिन्हा भएको शुल्क, थप दस्तुर तथा जरिवाना | | | | | | | |

**तयार गर्नेः**
नामः
पदः
दस्तखतः
मितिः

**स्वीकृत गर्नेः**
नामः
पदः
दस्तखतः
मितिः

**नोटः** धेरै आर्थिक वर्षको विवरण भर्नुपर्ने भएमा यसै बमोजिमको फाराम थप गरी भर्न सकिने छ ।